# इन्जिनियरिङ्ग व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी विनियमावली, २०८२

परिषद्बाट स्वीकृत मितिः १६ चैत २०८२

नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ३७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल इन्जिनियरिङ्ग परिषद्ले देहायका विनियमहरु बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "इन्जिनियरिङ्ग व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी विनियमावली, २०८२" रहेको छ।

(२) यो विनियमावली परिषद्ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "इन्जिनियरिङ्ग विषय" भन्नाले ऐनको अनुसूचीमा उल्लेख भएका इन्जिनियरिङ्ग उपाधिसंग सम्बन्धित विषयहरुलाई सम्झनु पर्छ।

(ग) "इन्जिनियरिङ्ग व्यवसाय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई इन्जिनियरिङ्ग विषयसंग सम्बन्धित परामर्श, तालिम, प्रयोगशाला, निर्माण, निरीक्षण, अध्ययन, अनुसन्धान तथा विकास समेतलाई जनाउँछ।

(घ) "इन्जिनियरिङ्ग व्यावसायिक संस्था (Engineering Professional Organization)" भन्नाले इन्जिनियरिङ्ग विषयमा व्यवसाय सञ्चालन गर्ने तथा सेवा प्रदान गर्ने संस्थाहरु वा व्यक्तिहरुले सङ्गठित रुपमा प्रचलित कानून बमोजिम स्थापना गरेका संघ वा सङ्गठन वा समाजलाई सम्झनु पर्छ।

(ङ) "इन्जिनियरिङ्ग सेवा" भन्नाले ऐनको अनुसूचीमा उल्लेख भएका इन्जिनियरिङ्ग विषयसंग सम्बन्धित सेवाहरुलाई सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ सम्झनु पर्छ।

(छ) "कार्यक्रम" भन्नाले संस्थाहरुले सञ्चालन गर्ने इन्जिनियरको व्यावसायिक क्षमता अभिवृद्धि (Engineering Professional Capacity Building Programs) संग सम्बन्धित अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी, सेमिनार र सम्मेलनहरु सम्झनु पर्छ।

(ज) “कार्यविधि” भन्नाले इन्जिनियरिङ्ग व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ।

(झ) “नियमावली” भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ सम्झनु पर्छ।

(ञ) “निरन्तर व्यावसायिक विकास” भन्नाले संस्थाले सञ्चालन गरिने क्षमता अभिवृद्धि तथा तालिम आदिलाई सम्झनु पर्छ।

(ट) “निरन्तर व्यावसायिक विकास समय-भार” भन्नाले निरन्तर व्यावसायिक विकासको लागि गरिने कार्यक्रमहरुको लागि परिषदले घण्टाको इकाईमा मापन गरि तोकेको समय-भारलाई सम्झनु पर्छ।

(ठ) “पदाधिकारी” भन्नाले परिषद्को अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिव सम्झनु पर्छ।

(ड) “परिषद्” भन्नाले ऐनको दफा ५ बमोजिम गठन भएको नेपाल इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्छ।

(ढ) “मेन्टरशिप कार्यक्रम” भन्नाले संस्थाले इन्जिनियरहरुलाई एक आपसमा सीप, ज्ञान, आत्मविश्वास तथा व्यावसायिक वा व्यक्तिगत विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले मार्गदर्शन, सहयोग र सल्लाह प्रदान गर्नका लागि गरिने कार्यक्रमलाई सम्झनु पर्छ।

(ण) “रजिष्ट्रार” भन्नाले परिषद्को रजिष्ट्रार सम्झनु पर्छ।

(त) “वार्षिक कार्यक्रम” भन्नाले इन्जिनियरिङ्ग व्यावसायिक संस्थाद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई सम्झनु पर्छ।

(थ) “संस्था” भन्नाले इन्जिनियरिङ्ग व्यावसायिक संस्था (Engineering Professional Organization)” सम्झनु पर्छ।

(द) “सदस्य” भन्नाले परिषद्को सदस्य तथा पदाधिकारी समेतलाई सम्झनु पर्छ।

(ध) “समिति” भन्नाले विषयगत गुणस्तर प्रत्यायन समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## संस्थाको सूचीकरण र नवीकरण सम्वन्धी व्यवस्था

३. **सुचिकरणका लागि निवेदन माग गर्न सक्नेः** (१) इन्जिनियरिङ्ग व्यावसायिक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने संस्थाहरु परिषद्मा सुचिकृत भई नवीकरण भएको हुनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम परिषद्मा सूचीकृत हुन चाहने संस्थाहरुले देहायका कागजात र विवरण खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि,

(घ) संस्थाको प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ङ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(च) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(छ) संस्थाको नाम, ठेगाना, इमेल, फोन नं. तथा सञ्चालकको नाम, थर सहितको मोबाइल नम्बर खुलेको पत्र,

(ज) संस्थाले सम्पन्न गरेका मुख्य क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुको विवरण।

(३) उपविनियम (२) बमोजिमको निवेदनको साथ अनुसूची ३ बमोजिम निवेदन दर्ता शुल्क बुझाउनु पर्ने छ।

४. **कार्यक्रम वर्गीकरण तथा सूचीकरण:** परिषदले रितपूर्वक दर्ता हुन आएका संस्थाहरुको सञ्चालन गर्ने क्षमता अभिवृद्धि कार्यक्रमका आधारमा वर्गीकरण गरी पाँच वर्षको लागी सुचीकृत गरी विवरण प्रकाशन गर्नेछ।

५. **प्रगति विवरण बुझाउनु पर्ने:** (१) विनियम (४) बमोजिम सुचिकृत संस्थाहरुले हरेक वर्ष माघ मसान्तभित्रमा अघिल्लो आ. ब. को वार्षिक प्रगति विवरण पेश गर्नु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको प्रगति विवरण अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(३) प्रगति विवरण पेश नगरी कुनै पनि कार्यक्रम सञ्चालन गरेको पाइएमा त्यस्तो संस्थालाई परिषद्ले सूचीबाट हटाउनेछ।

६. **मान्यता प्राप्त कार्यक्रम मात्र संचालन गर्नु पर्ने:** सूचीकृत संस्थाहरुले मान्यता प्राप्त कार्यक्रमहरु मात्र संचालन गर्नु पर्नेछ।

## परिच्छेद-३

## संस्थाहरुको कार्यक्षेत्र सम्बन्धी व्यवस्था

७. **संस्थाहरुको कार्यक्षेत्र सम्बन्धी व्यवस्था:** (१) संस्थाले आफ्नो कार्यक्षेत्रका सम्बन्धमा सार्वजनिक जानकारीका लागि संस्थाको वेबसाइटमा देहायका विवरण राख्नु पर्नेछः-

(क) संस्थाको परिचय र कार्यक्षेत्र,

(ख) संस्था दर्ता प्रमाण पत्र, प्रवन्ध-पत्र तथा नियमावली,

(ग) सञ्चालन गरिएका र गरिने कार्यक्रमहरुको विवरण,

(घ) संस्थागत संरचना र पदाधिकारीहरुको संक्षिप्त विवरण,

(ङ) संस्थाका सदस्यहरुको अध्यावधिक गरिएको नामावली,

(च) संस्थासंग आवद्ध रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको विवरण,

(२) संस्थाहरुले आफ्नो संस्थाको कार्यक्षेत्र तथा उद्देश्य अनुरुपका कार्यहरु मात्र सम्पादन गर्नु पर्नेछ।

८. **परिषद्संगको सहकार्य र कार्यक्रम संचालन:** सूचीकृत संस्थाहरुले परिषद्ले जारि गरेका निर्देशिका वा कार्यविधिका बमोजिम देहायका कार्यक्रमहरु संचालन गर्न सक्नेछन्ः-

(क) इन्जिनियरहरुको एक आपसमा सीप, ज्ञान, व्यावसायिक वा व्यक्तिगत विकास तथा दक्षता आदान-प्रदान गर्ने उद्देश्यका लागि मेन्टरशिप कार्यक्रम,

(ख) संस्थाले वार्षिक रुपमा सदस्यहरुको लागि निरन्तर व्यावसायिक विकाससंग सम्बन्धित कार्यशाला गोष्ठी, सम्मेलन, सेमिनार तथा तालिम,

(ग) इन्जिनियरिङ्ग विषयसंग सम्बन्धित नव-प्रवर्तन तथा प्रविधि विकास सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम,

(घ) इन्जिनियरिङ्ग विषयसंग सम्बन्धित अध्ययन, अनुसन्धान सञ्चालन गर्ने गराउने तथा कृतिहरुको प्रकाशन गर्ने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासंग आपसी सहकार्य गर्ने।

९. <u>सञ्चालन गरिने कार्यक्रमको मान्यता सम्बन्धी व्यवस्था</u>: (१) परिषदमा सूचिकृत संस्थाहरुद्वारा सञ्चालन गरिने देहायका कार्यक्रमहरुको मान्यता प्राप्त गर्नु पर्नेछः-

(क) तालिमको पाठ्यक्रम तथा सञ्चालन अवधि, त्यसको निरन्तर व्यावसायिक विकास समय-भार, तथा सञ्चालन विधि र श्रोतव्यक्तिको योग्यता सम्बन्धी,

(ख) गोष्ठी, सेमिनार तथा सम्मेलनको विषयगत उद्देश्य तथा निरन्तर व्यावसायिक विकास समय-भार, सञ्चालन अवधि, राष्ट्रिय/अन्तराष्ट्रिय प्रकार, सञ्चालन तथा सहभागिताका शर्तहरु सम्बन्धी,

(ग) अध्ययन, अनुसन्धान: उद्देश्य, सेवाको प्रकार र श्रोत-व्यक्तिको योग्यता, प्रकाशन तथा अनुसन्धान तथा विकास र प्याटेन्ट सम्बन्धी,

(२) परिषदले कार्यक्रमहरुको मान्यता प्रदान गर्ने उद्देश्यले विषयगत "कार्यक्रम मान्यता समिति" गठन गर्न सक्नेछ।

(३) उप विनियम (२) बमोजिमको समितिमा विषयविज्ञ सहित तीन सदस्यहरु हुनेछन्।

(४) संस्थाले सञ्चालन गर्ने कार्यक्रम विकासको ढांचा र मान्यताका प्रक्रिया परिषदले तोकेको कार्यविधि (Guidelines for Capacity Building Program Development and Recognition) बमोजिम हुनेछ।

(५) मान्यता सम्बन्धी प्रक्रियाको शुल्क अनुसूची-३ मा उल्लेख भए बमोजिमको हुनेछ।

१०. <u>मेन्टरशिप कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था</u>: (१) परिषदले इन्जिनियरहरुको एक आपसमा सीप, ज्ञान, आत्मविश्वास तथा व्यावसायिक वा व्यक्तिगत विकास गर्न सहयोग पुर्‍याउने उद्देश्य राखी मेन्टरशिप कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपविनियम (१) बमोजिमको कार्यक्रम व्यवस्थित गर्न "मेन्टरशिप कार्यक्रम मानक निर्देशिका" (Standard Guidelines for Mentorship Program) लागू गर्नेछ।

(३) संस्थाहरुले उपविनियम (१) अनुसारको उद्देश्यका लागि मेन्टरशिप कार्यक्रम सञ्चालन गर्दा परिषद्को "मेन्टरशिप कार्यक्रम मानक निर्देशिका" बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-४

## विविध

११. **विश्वविद्यालयका प्राध्यापकहरुको क्षमता अभिवृद्धि सम्बन्धी व्यवस्था:** परिषदले विश्वविद्यालयहरुमा इन्जिनियरिंग शिक्षाको गुणस्तर सम्बन्धी तालिम तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न सक्नेछ।

१२. **संस्थाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:** परिषद्ले संस्थाहरुको कार्यप्रगति र कार्यक्रमहरुको वार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी संस्थाहरुलाई श्रेणीगत रुपमा वर्गीकरण गर्न सक्नेछ तर आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

१३. **गुनासो सुनुवाई सम्बन्धी व्यवस्था :** समितिले गुनासोसंग सम्बन्धित विषयमा अनुगमन गरि अनुगमन प्रतिवेदनको आधारमा आवश्यक निर्णय गर्न सक्नेछ।

१४. **बाधा अडकाउ फुकाउने:** यो विनियमावली कार्यान्वयनमा द्विविधा वा अस्पष्ट भएमा वाधा अडकाउ फुकाउने अधिकार परिषद्लाई हुनेछ।

१५. **अनुसूचीमा थपघट वा हेरफेर :** परिषद्ले आवश्यक्तानुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

१६. **बचाउ:** यस कार्यविधिमा भएको व्यवस्था ऐन तथा नियमावलीमा बाझिन गएमा ऐन तथा नियमावली बमोजिम हुनेछ। यस कार्यविधिमा भएको व्यवस्थाका सम्वन्धमा यसै बमोजिम हुनेछ।

अनुसूची-१

(विनियम ३ को उपविनियम (१) संग सम्बन्धित)

<u>सूचीकृत सम्बन्धी आवेदनको ढाँचा</u>

**मितिः ..................**

**श्री नेपाल इन्जिनियरिंग परिषद**

**विषयः इन्जिनियरिंग व्यावसायिक क्षमता अभिवृद्धि कार्यक्रम संचालनका लगी सूचिकृत हुने सम्बन्धमा।**

...... (संस्था) ............ ले संस्था संग आवद्ध इन्जिनियर सदस्यहरुका लागि "इन्जिनियरिंग व्यावसायिक क्षमता अभिवृद्धि कार्यक्रम" संचालन गर्न त्यस परिषद्मा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु। मैले प्रतिनिधित्व गर्ने संस्था र संचालन गरिने कार्यक्रमहरुको विवरण यसै साथ पेश गरेको छु।

क) संस्थाको विवरणः

| सि. नं. | विवरण | व्याख्या | कैफियत |
|---|---|---|---|
| १ | संस्थाको नामः | | |
| २ | संस्था दर्ता नं.: | | |
| ३ | दर्ता मितिः | | |
| ४ | संस्थाको ठेगानाः | | |
| ५ | संस्थाको प्रमुख कार्यकारीः | | |
| ६ | संस्थाको मुख्य उद्देश्यः | | |

ख) संस्थाले पेश गरेका कागजातहरु

| | | |
|---|---|---|
| क | संस्थाको दर्ता प्रमाण पत्र | |
| ख | भ्याट /प्यान दर्ता प्रमाण पत्र | |
| ग | प्रबन्ध पत्र | |
| घ | नियमावली | |
| ङ | संस्थागत सदस्यहरुको नामावली (प्रमाणित प्रतिलिपि) | |
| च | संस्थाले सम्पन्न गरेका मुख्य<br>क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुको विवरण | |

निवेदकको नाम र हस्ताक्षर :

पदः संस्थाको छाप

## अनुसूची-२

(विनियम ५ को उपविनियम (२) संग सम्बन्धित)

**संस्थाको प्रगति विवरणको ढाँचा**

**मितिः ..................**

**श्री नेपाल इन्जिनियरिंग परिषद**

**विषयः संस्थाको वार्षिक प्रगति विवरण पेश गरेको बारे ।**

...... (संस्था) ............. ले आ.ब. .................... मा संचालन गरेका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण पेश गरेको छु। संचालन गरिएका कार्यक्रमहरुको विवरण निम्न अनुसारको रहेको छ।

क) संस्थाको विवरण

| सि. नं. | विवरण | व्याख्या | कैफियत |
|---|---|---|---|
| १ | संस्थाको नामः | | |
| २ | संस्थाको ने. इ. प. सूचीकृत नं. र मिति | | |
| ३ | आ.ब. (विवरण बुझाएको): | | |

ख) वार्षिक प्रगति विवरण

| सि. नं. | कार्यक्रम | संक्षिप्त विवरण | सञ्चालन स्थान | सञ्चालन मिति | सहभागीको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

निवेदकको नाम र हस्ताक्षर :

पदः संस्थाको छाप

## अनुसूची-३

(शुल्क सम्बन्धी विनियमहरुसंग सम्बन्धित)

(क) संस्थाहरुको सूचीकरण तथा वर्गीकरण गरी सार्वजनिक गर्ने शुल्कः रु २,०००

(ख) प्रति कार्यक्रम मान्यता शुल्कः रु ५,०००

(ग) सूची नवीकरण शुल्कः रु. ५,०००